मितिः२०८१/११/१९ कार्यपालिका बैठक सङ्ख्या-१३

आज मिति २०८१ साल फागुन १९ गते सोमबारको दिन बलेफी गाउँ कार्यपालिकाका अध्यक्ष श्री गङ्गा बहादुर तामाङज्यूको अध्यक्षतामा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थितिः-

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गङ्गा बहादुर तामाङ | अध्यक्ष | |
| २.. | श्री सरु लामा तामाङ | उपाध्यक्ष | |
| ३ | श्री हुप बहादुर खड्का | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री छविलाल न्यौपाने | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री रितेश तामाङ | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री सुर्जे तामाङ | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री यादव ठकुरी | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री तेज बहादुर पराजुली | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री गृविन्द्र कुमार चौलागाई | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री रमेश कुमार श्रेष्ठ | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य | |
| १२. | श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य | ईश्वरी |
| १३. | श्री रश्मी तामाङ | कार्यपालिका सदस्य | |
| १४. | श्री समिक्षा भूजेल | कार्यपालिका सदस्य | |
| १५. | श्री देवकी भुजेल | कार्यपालिका सदस्य | देवकी |
| १६. | श्री कविता काफ्ले | कार्यपालिका सदस्य | |
| १७. | श्री लोकेन्द्र बहादुर राई | सचिव | |

मिति:२०८१/११/१९ कार्यपालिका बैठक सङ्ख्या-१३

**प्रस्तावहरु:-**

१. स्थानीय तह संथागत क्षमता स्वमूल्याङ्कन (LISA) को अङ्क अनुमोदन गर्ने सम्बन्धमा,
२. वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) को अङ्क अनुमोदन गर्ने सम्वन्धमा,
३. बलेफी गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ को प्रथम संशोधन गर्ने सम्वन्धमा,
४. बलेफी गाउँपालिका व्यवसाय दर्ता निर्देशिका, २०८१ को स्वीकृत गर्ने सम्बन्धमा,
५. अख्तियार दुरुपयोग अनुसन्धान आयोगका निर्देशन तथा सुझावहरू सम्वन्धमा।
६. सम्पन्न योजनाहरूको प्राविधिक जाँचपास गरी फरफारक सम्बन्धमा।
७. योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षणको मासिक प्रतिवेदन सम्वन्धमा।
८. विविध सम्बन्धमा ।

**निर्णयहरू:-**

१. प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम यस बलेफी गाउँपालिकाको आ.व. २०८०/०८१ को संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) विषयक्षेत्र अन्तर्गतका सूचकहरुमा विषयगत शाखाबाट प्राप्त कागजातहरु प्रविष्टि गरी प्रारम्भिक नतिजामाथि छलफल गरी देहाय वमोजिमको नतिजा अनुमोदन गरी अन्तिम नतिजाको रूपमा सार्वजनिक गर्ने सर्वसम्मत निणय गरियो।

देहाय:-

| क्र.सं. | विषय क्षेत्र | पूर्णाङ्क | जम्मा प्रासांङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | शासकीय प्रबन्ध | ९ | ९ | |
| २. | सङ्गठन तथा प्रशासन | ८ | ८ | |
| ३. | वार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापन | ११ | १० | |
| ४. | वित्तीय तथा आर्थिक व्यवस्थापन | ११ | १० | |
| ५. | सेवा प्रवाह | १६ | १६ | |
| ६. | न्यायिक कार्यसम्पादन | ७ | ७ | |
| ७. | भौतिक पूर्वाधार | १३ | १०.५ | |
| ८. | सामाजिक समावेशीकरण | १० | ९ | |
| ९. | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ६.५ | |
| १०. | सहकार्य र समन्वय | ६ | ५ | |
| | जम्मा | १०० | ९१ | |

२. प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन, २०७७ बमोजिम यस बलेफी गाउँपालिकाको आ.व. २०८०/०८१ को स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) विषयक्षेत्र अन्तर्गतका सूचकहरुमा विषयगत शाखाबाट प्राप्त कागजातहरु प्रविष्टि गरी प्रारम्भिक नतिजा उपर जिल्ला समन्वय समिति, सिन्धुपाल्चोकद्वारा पृष्ठपोषण पश्चात प्राप्त देहाय बमोजिमको नतिजा अनुमोदन गरी अन्तिम नतिजाको रूपमा सार्वजनिक गर्ने निणय गरियो।

| क्र.सं. | विषय क्षेत्र | जम्मा प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|
| १. | योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन | २१ | |
| २. | कार्यान्वयन क्षमता तथा व्यवस्थापन | २७ | |
| ३. | लेखाङ्कन तथा प्रतिवेदन | १५ | |
| ४. | अनुगमन, मुल्यांकन तथा लेखापरीक्षण | १४.५ | |
| ५. | राजस्व व्यवस्थापन | १४.५ | |
| | जम्मा | ९२ | |

३. प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल गर्दा बलेफी गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ लाई संशोधनको लागि पेश भए बमोजिम बलेफी गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ को प्रथम संशोधन गर्ने निर्णय सर्वसम्मत गरियो।

४. प्रस्ताव नं. ४ को सम्बन्धमा छलफल गर्दा बलेफी गाउँपालिका व्यवसाय दर्ता निर्देशिका, २०८१ स्वीकृतिको लागि पेश भएकोमा बलेफी गाउँपालिका व्यवसाय दर्ता निर्देशिका, २०८१ को स्वीकृत गर्ने निर्णय सर्वसम्मत गरियो।

५. प्रस्ताव नं. ५ को सम्बन्धमा छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभिन्न मितिमा जारी गरेका निर्देशन तथा सुझावहरू माथि छलफल गरिनुका साथै आगामी दिनहरूमा उक्त सुझाव तथा निर्देशनलाई ध्यानमा राखी कार्य सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

६. प्रस्ताव नं. ६ को सम्बन्धमा छलफल गर्दा बलेफी गाउँपालिकाको आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रमका योजना तथा कार्यक्रमहरुमध्ये सम्पन्न योजनाहरूको प्राविधिक जाँचपास गरी फरफारक गर्ने सर्वसम्मत निर्णय गरियो।

७. प्रस्ताव नं. ७ को सम्बन्धमा छलफल गर्दा बलेफी गाउँपालिकाको आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रममा विनियोजित योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षणको मासिक प्रतिवेदन अनुगमन तथा सुपरीवेक्षण समितिका संयोजक एवम् गाउँ कार्यपालिका उपाध्यक्ष श्री सरु लामा तामाङज्यूले पेश गर्नु भएको प्रतिवेदन माथि छलफल गरी बैठकबाट सर्वसहमतमा पारित गरियो।

८. प्रस्ता – को विविध सम्बन्धमा छलफल गर्दा बलेफी गाउँपालिकाको गाउँपालिका स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता-२०८१ मा सहभागी भएका विद्यालयहरुलाई सहभागी हुदाँ खर्च भएकामध्ये यातायात र खाना खाजा खर्च बापत दहायका विद्यालयहरुलाई देहायका रकम र सुनकोशी गाउँपालिकाले आयोजना गरेको भलिबल प्रतियोगितामा यस बलेफी गाउँपालिकाले सहभागी हुदाँ लागेको खर्च देहाय बमोजिम भुक्तानी गर्न खेलकूद प्रवर्द्धन कार्यक्रम शीर्षकबाट देहाय बमोजिम खर्च गर्ने निर्णय बैठकबाट सर्वसहमतमा पारित गरियो।

देहायः-

| बजेट शीर्षक | रकम | खर्च शीर्षक | रकम |
|---|---|---|---|
| खेलकूद प्रवर्द्धन कार्यक्रम | १५,००,००० | श्री आनन्द माध्यमिक विद्यालय | ८०,००० |
| | | श्री लक्ष्मी देवी माध्यमिक विद्यालय | ४०,००० |
| | | श्री फुलपिङ्कोट माध्यमिक विद्यालय | ३५,००० |
| | | श्री भिमसेन माध्यमिक विद्यालय | ४५,००० |
| | | श्री सेतीदेवी माध्यमिक श्री विद्यालय | ३०,००० |
| | | श्री बलेफी माध्यमिक विद्यालय | ४५,००० |
| | | श्री कुपकन्या माध्यमिक विद्यालय | ३५,००० |
| | | श्री बालशिक्षा माध्यमिक विद्यालय | १,२०,००० |
| | | श्री सरस्वती माध्यमिक विद्यालय | २५,००० |
| | | श्री वनसाँघु माध्यमिक विद्यालय | २५,००० |
| | | सुनकोशी गाउँपालिका भलिबल प्रतियोगिता सहभागी खर्च | ३०,००० |
| | | जिल्लास्तरीय राष्ट्रपति रनिडशिल्ड प्रतियोगिता-२०८१ मा सहभागी खर्च | २४०,००० |
| | | जुगल गाउँपालिकाद्वारा आयोजना भएको भलिबल प्रतियोगितामा सहभागी खर्च | ३०,००० |

| | | | |
|---|---|---|---|
| | | पाचँपोखरी थाङ्पाल गाउँपालिकाद्वारा आयोजना भएको फुटबल प्रतियोगितामा सहभागी खर्च | ५०,००० |
| | | जम्मा | ८,३०,००० |

विविध (ख) बलेफी गाउँपालिका वडा नं. ३ को आयोजनामा सम्पन्न भएको " वृहत ल्होसार साँस्कृतिक तथा बौद्ध धर्म प्रवर्द्धन कार्यक्रम २०८१" लाई खर्च भएको अपुग रकम " उपाध्यक्ष स्थानीय भाषा, धर्म, संस्कृति प्रवर्द्धन कार्यक्रम शीर्षकबाट रु. ५०,००० र विविध खर्च शीर्षकबाट रु. १,००,००० गरि जम्मा रु. १.५०,००० थप गर्ने निर्णय गरियो ।